# लम्कीचुहा नगरपालिका

## सहुलियत कर्जाका लागि ब्याज अनुदान कार्यक्रम कार्यविधि, २०७८

लम्कीचुहा नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
भल्का, कैलाली
सुदूरपश्चिम प्रदेश, नेपाल

कार्यपालिकाबाट स्वीकृत मिति : २०७८/०४/०८

Scanned with CamScanne

## सहुलियत कर्जाका लागि ब्याज अनुदान कार्यक्रम कार्यविधि, २०७८

**प्रस्तावना :**

लम्कीचुहा नगरपालिकाका क्षेत्रभित्रका बेरोजगार तथा विपन्न नागरिकहरुलाई व्याज अनुदान कार्यक्रमवाट रोजगारीको सृजना गर्ने, कृषक तथा बेरोजगार व्यक्तिहरुलाई व्यवसायी बनाई आय आजर्नमा वृद्धि गर्नुका साथै उनीहरुको जीवनस्तरमा सुधार गर्ने उद्देश्यले लम्कीचुहा नगरपालिकाले स्थानीय सरकार संचालन ऐन २०७४ को दफा १०२ बमोजिम लम्कीचुहा नगरपालिका नगरकार्यपालिकाको मिति २०७८।०४।०८ गतेको बैठकले **"सहुलियत कर्जाका लागि ब्याज अनुदान कार्यक्रम कार्यविधि, २०७८"** स्वीकृत गरी लागु गरेको छ ।

### परिच्छेद-१
### प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भ :**

(१) यस कार्यविधिको नाम "सहुलियत कर्जाका लागि व्याज अनुदान कार्यक्रम कार्यविधि, २०७८"रहेकोछ ।

(२) यो कार्यविधि नगर कार्यपालिकाको वैठकबाट पारित भइ राजपत्रमा प्रकाशित भएपिछ तुरुन्त प्रारम्भ हुनेछ ।

२. **परिभाषा :** विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा :

क) **"कार्यक्रम"** भन्नाले लम्कीचुहा नगरपालिकाको स्वीकृत वार्षिक कार्यक्रम अनुसार सहुलियत कर्जाका लागि ब्याज अनुदान कार्यक्रम सम्झनुपर्छ ।

ख) **"नगरपालिका"** भन्नाले लम्कीचुहा नगरपालिकालाई संझनुपर्छ ।

ग) **"प्रमुख"** भन्नाले लम्कीचुहा नगरपालिकाको नगर प्रमूखलाई सम्झनु पर्छ ।

घ) **"उपप्रमुख"** भन्नाले लम्कीचुहा नगरपालिकाको उपप्रमूखलाई सम्झनु पर्छ ।

ङ) **"प्रमूख प्रशासकीय अधिकृत"** भन्नाले लम्कीचुहा नगरपालिकाको प्रमूख प्रशसकीय अधिकृतलाई सम्झनु पर्छ ।

च) **"आर्थिक विकास समिति संयोजक"** भन्नाले लम्कीचुहा न.पा.को विषयगत समितिको आर्थिक विकास समितिको संयोजकलाई सम्झनु पर्छ ।

छ) **"लक्षित वर्ग"** भन्नाले गरिव, विपन्न तथा सिमान्तकृत समूदायका दलित, महिला, जनजाती, मधेसी, अपाङ्गता भएका व्यक्ती एवं बेरोजगार नागरीकलाई सम्झनु पर्नेछ ।

ज) **"कार्यालय"** भन्नाले लम्कीचुहा नगर कार्यपालिकाको कार्यालयलाई सम्झनुपर्छ ।

झ) **"बेरोजगार व्यक्ति वा समूह"** भन्नाले लम्कीचुहा नगरपालिकाभित्र बसोवास गर्ने आय आर्जनका कुनै पनि पेशा,व्यवसाय तथा काममा नियमित रुपमा संलग्न नभएका व्यक्तिलाई सम्झनुपर्छ ।

ञ) **"कृषक"** भन्नाले यस कार्यविधि बमोजिम ब्याज अनुदानका लागि योग्य व्यवसायिक कृषकलाई सम्झनुपर्छ ।

ट) **"व्यवसाय वा उद्यम"** भन्नाले यस कार्यविधिको अनुसूची-३ मा उल्लेख गरिएका व्यवसायमा श्रम तथा पुँजी लगानी गरिएको कार्यलाई सम्झनुपर्छ ।



Scanned with CamScanner

ठ) **"निवेदक वा ऋणी"** भन्नाले अनुसूची-३ मा उल्लेखित व्यवसाय संचालन गरिरहेका वा गर्ने व्यक्ति, समूह, संस्था वा कम्पनी समेतलाई सम्झनुपर्छ।

ड) **"ब्याज अनुदान"** भन्नाले यस कार्यक्रम मार्फत व्यवसाय गर्न ईच्छुक व्यक्ति तथा फर्मलाई प्रदान गरिने ब्याज अनुदान सम्झनुपर्छ।

ढ) **"बैंक तथा वित्तिय संस्था"** भन्नाले यस कार्यविधि अनुसार संचालन हुने कार्यक्रम कार्यान्वयनका लागि नगरपालिकासंग सहकार्य गर्ने इजाजत प्राप्त बैंक, वित्तिय संस्था तथा नगरपालिका क्षेत्रमा अवस्थित बचत तथा ऋण वा बहुउद्देश्यीय सहकारी संस्थालाई सम्झनु पर्छ।

ण) **"समूह"** भन्नाले फरक परिवारका कम्तीमा तीन देखि पाँच जना सम्मको सदस्य संख्या रहेको १८ बर्ष उमेर पुरा भई ६० वर्षसम्म उमेर भएका व्यक्तिहरु मिलेर गठन भएको समूह सम्झनुपर्छ।

त) **"संस्था"** भन्नाले प्रचलित कानुन बमोजिम स्थापित फर्म, कृषक समूह, सहकारीं संस्था, घरेलु उद्योग वा लघु उद्यमका रुपमा दर्ता भएको व्यवसाय सम्झनुपर्छ।

थ) **"भण्डारण"** भन्नाले कुनै पनि कृषि उपज (तरकारी, फलफूल, जिडबुटी, दुग्धपदार्थ तथा माछा मासु आदी) उत्पादन गरी भण्डारण गर्ने कार्य सम्झनुपर्छ।

द) **"सहुलियतूर्ण कर्जा"** भन्नाले अनुसूची-३ मा उल्लेखित व्यवसायमा बैंकवाट प्रवाह भएको वा हुने कर्जाको ब्याजमा अनुदान सुविधा उपलब्ध गराउने कर्जा सम्झनुपर्छ।

ध) **"जमानी"** भन्नाले ऋणीले आफ्नो दायित्व पुरा नगरेमा म/हामीपुरा गर्छौ भनी जिम्मा लिने व्यक्तिलाई सम्झनुपर्छ।

न) **"कार्यक्रम कार्यान्वयन समिति"** भन्नाले यस कार्यविधि अनुसारको कार्यक्रम कार्यान्वयन गर्न गठित समितिलाई सम्झनुपर्छ।

प) **"तोकिएको वा तोकिए बमोजिम"** भन्नाले यस कार्यविधिमा तोकिएको वा सम्वन्धित अधिकारी वा अधिकार प्राप्त सम्वंद्व निकायले तोक्ने सक्ने सम्झानु पर्छ।

फ) **"सामाजिक परिक्षण"** भन्नाले कार्यक्रमको समग्र प्रगती प्रतिवेदनलाई सम्झानु पर्छ।

व) **"नियमनकारी निकाय"** भन्नाले यस कार्यक्रममा आवद्ध हुने बैंक तथा वित्तिय संस्थाको नियमनकारी निकाय सम्झनु पर्छ।

३. **उद्देश्य** : यस कार्यविधिको उद्देश्य देहाय बमोजिम हुनेछ :-

(क) लक्षित उद्यमी, समूह एवम् व्यवसायीहरुलाई व्यवसाय संचालनका लागि सहुलियत रुपमा ब्याज अनुदान उपलब्ध गराई आय आर्जनमा टेवा पुऱ्याउने।

(ख) कृषि तथा पशुजन्य व्यवसाय वा गैरकृषिमा आधारित तोकिए बमोजिमका घरेलु तथा कुटिर उद्योग एवं अन्य व्यवसाय संचालन गर्न प्रोत्साहन गरी उत्पादन र उत्पादकत्वमा वृद्धि गर्ने।

(ग) लक्षित वर्गको आयस्तरमा वृद्धि गर्दै रोजगारी सृजना गरि गरिबी न्यूनीकरण गर्ने।

## परिच्छेद-२
## कोषको व्यवस्था

४. **कार्यक्रम संचालनका लागि कोषको व्यवस्था** : यस कार्यविधि अनुसारको कार्यक्रम कार्यान्वयन गर्न देहाय वमोजिमको कोषको व्यवस्था गरिनेछ।

(क) संघीय सरकार, प्रदेश सरकारवाट प्राप्त अनुदान।

(ख) विभिन्न वित्तिय संघ संस्थावाट प्राप्त अनुदान तथा ऋण रकम।



२०७८।०४।१८

Scanned with CamScanner

(ग) कार्यक्रमलाई सहयोग पुऱ्याउन विभिन्न सहकारीहरुवाट प्राप्त ऋण एवम् अनुदान रकम ।

(घ) नगर सभाबाट विनियोजित रकम ।

(ङ) नगरपालिकामा रहेको घुम्ति कोष (नगर साझेदारी कार्यक्रम) ।

(च) कोष परिचालनबाट प्राप्तआम्दानी ।

(छ) अन्यस्रोतबाट प्राप्त रकम ।

## परिच्छेद-३

## बैक तथा वित्तिय संस्था छनौट सम्बन्धि व्यवस्था

५. **छनौट प्रक्रिया** : (१) लम्कीचुहा नगरपालिकाले कार्यक्रम सन्चालनका लागि बैंक, वित्तिय संस्था तथा सहकारीलाई ब्याज अनुदानमा कर्जा लगानीका लागि कार्यक्रममा आवद्ध हुन कम्तीम ७ दिनको म्याद राखी सार्वजनिक सूचना प्रकाशित गर्ने छ ।

(२) प्रस्ताव पेश गर्न ईच्छुक बैंक, वित्तिय संस्था तथा सहकारीले अनुसूची-१ बमोजिमको रित पुर्वक भरिएको प्रस्ताव पत्र, सञ्चालक समितिको निर्णयको प्रतिलीपिका अतिरिक्त सूचनामा तोकिए बमोजिमका कागजातहरु प्रस्ताव संग पेश गर्नुपर्नेछ ।

(३) वाणिज्य बैक, विकास बैक र वित्त कम्पनीहरुबाट कार्यक्रममा आवद्ध हुने सम्वन्धमा प्रस्ताव पेश हुन आएमा कार्यक्रम कार्यन्वयन समितिको निर्णय बमोजिम हुनेछ ।

(४) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भएतापनि कार्यक्रम कार्यान्वयन समितिको निर्णयले बैंक, वित्तिय संस्था तथा सहकारी छनौटका लागि आवश्यकता परेको खण्डमा जुनसुकै बखत पनि सूचना प्रकाशन गर्न सकिनेछ ।

६. **योग्यता** : (१) कार्यक्रममा आवद्ध हुन अनुसूची-१ अनुसारको प्रस्ताव पेश गर्ने बैंक, वित्तिय संस्था तथा सहकारीको योग्यता देहाय बमोजिमको हुनुपर्नेछ :

(क) अनुसूची-३ बमोजिमका कम्तीमा १० वटा व्यवसायीक क्षेत्रमामा लगानी गर्न ईच्छुक ।

(ख) कुल कारोबार न्यूनतम ५० लाख भएको ।

(ग) लेखापरिक्षण प्रतिवेदन अनुसार पछिल्लो ३ वर्ष देखि निरन्तर नाफामा रहेको ।

(घ) सम्वन्धित नियमनकारी निकायको प्रचलित मापदण्ड वमोजिम कोषहरुको व्यवस्था गरेको ।

(ङ) कर्जा लगानी, असुली तथा नियमन सम्वन्धमा स्पष्ट नीतिगत व्यवस्था भएको ।

७. **छनौटको आधार** : (१) दफा (६) बमोजिम योग्य बैंक, वित्तिय संस्था तथा सहकारीवाट प्राप्त आवेदनहरुको मुल्याँकन तथा छनौटको आधार देहाय बमोजिम हुनेछ :

(क) आधार दर वा लागत दरमा सबै भन्दा न्यून प्रिमियम जोडी ब्याजदर प्रास्ताव गर्ने तर, अधिकतम ३ प्रतिशत भन्दा बढी प्रिमियम हुने छैन ।

(ख) बढी व्यवसायी क्षेत्रमा लगानी गर्न ईच्छुक ।

(ग) वित्तिय तथा संस्थागत सुशासनको अवस्था राम्रो भएको ।

(घ) कर्जा लगानीका लागि पुँजीको प्रयाप्तता भएको ।

(ङ) जनस्तरमा राम्रो छवी भएको वा वलियो जनसञ्जाल भएको ।

(च) तोकिएका व्यवसायिक क्षेत्रमा यस अघि कर्जा लगानी गरिसकेको ।

(छ) कार्यक्रम कार्यान्वयनका लागि प्रायाप्त भौतीक तथा मानविय संसाधन रहेको ।



२०७८।०५।२८

Scanned with CamScanner

## परिच्छेद-४
## उद्यमी तथा व्यवसायी छनौट सम्बन्धी व्यवस्था

८. **उद्यमी तथा व्यवसायी छनौट** : (१) कार्यविधिको अनुसूची-३ बमोजिमका क्षेत्रहरुमा व्यवसाय गर्न चाहने उद्यमी तथा व्यवसायीहरुका लागि ऋण प्रवाह गर्न देहाय बमोजिमका प्रकृया अवलम्बन गरिनेछ।

(क) नगरपालिकाले व्यवसाय सन्चालन गर्न ईच्छुक व्यक्ति/फर्मका लागि छनौट भएका बैंक तथा वित्तिय संस्थाहरुको सूची सार्वजनिक सूचना मार्फत प्रकाशन गर्नेछ।

(ख) उद्यमी तथा व्यवसायीहरुले अनुसूची-२ बमोजिमको ढाँचामा तोकिएको समयभित्र सम्वन्धित बैंक तथा वित्तिय संस्थामा निवेदन पेश गर्नु पर्नेछ।

(ग) अनुसूची-४ बमोजिमको ढाँचामा व्यवसायिक प्रस्ताव पेश गर्नुपर्नेछ।

(घ) आवश्यक परेमा धितो राख्न सक्ने सुनिश्चितता वा प्रतिवद्धता।

(ङ) धितो राख्न नसक्ने ऋणीको हकमा जिम्मा जमानी लिने व्यक्तिले अनुसूची-५ बमोजिमको लिखत कागज।

(च) सम्बन्धित वडा कार्यालयको सिफारिस पत्र।

(छ) नगरपालिका जमानी बसेको खण्डमा संघ, संस्था, महासंघ तथा कम्पनीलाई कर्जा प्रवाह गराउन सकिनेछ।

(२) कार्यक्रमका लागि छनौट भएका बैंक तथा वित्तिय संस्थाले प्राप्त ऋण निवेदनवाट ऋण दिन योग्य उद्यमी तथा व्यवसायी छनौट गर्दा अति विपन्न, विपन्न, गरिब तथा बेरोजगारलाई प्राथमिकतामा राखी देहायका आधार अनुसार गर्नुपर्नेछ :

(क) स्थानिय स्रोत र साधनको प्रयोग।

(ख) बजार व्यवस्थापन एवम् पहूँच।

(ग) रोजगारी सिर्जना।

(घ) लक्षित वर्गलाई प्रत्यक्ष लाभ।

(ङ) जोखिम कम हुने उद्यम।

(च) पूर्व अनुभव र सीप भएको।

(३) बैंक तथा वित्तिय संस्थाले छनौटमा परेका अथवा नपरेका उद्यमी तथा व्यवसायी र नगरपालिकालाई कारण खुलाई ज्ञानकारी गराउनु पर्नेछ।

## परिच्छेद-५
## ऋण लगानी सीमा

९. **ऋण लगानीको सीमा निर्धारण** : (१) बैंक तथा वित्तिय संस्थाले कार्यक्रम कार्यान्वयनका लागि ऋण लगानी गर्दा देहाय बमोजिमको सीमा निर्धारण गर्नुपर्नेछ :-

(क) एक व्यवसायी (व्यक्ति वा फर्म) का लागि न्यूनतम रु. ५०,०००।- देखि रु. ५००,०००।- सम्म।

(ख) ऋण असुली अवधी साधारणतया एक बर्षदेखि पाँच बर्षसम्मको हुनेछ।

(ग) ऋणको प्रकृति अनुसार असुलीको समय सीमा वढाउने वा कम गर्ने जिम्मा सम्बन्धित बैंक तथा वित्तिय संस्थाले निर्धारण गरे बमोजिम हुनेछ।



२०७८।०४।२५

Scanned with CamScanner

(घ) एकपटक ऋण लिई सकेको ऋणीले उक्त ऋण असुल उपर नहुँदै पुन: ऋण प्राप्तिका लागि योग्य हुने छैन ।

(ङ) स्वीकृत प्रस्ताव भन्दा भिन्न प्रकृतिको व्यवसायमा प्राप्त ऋण कार्यान्वयन गर्न पाईने छैन ।

(च) कुनै पनि वित्तिय संस्था मार्फत संचालन हुने उद्यम तथा व्यवसायको हकमा गरिने लगानीको व्याज दर, ऋण लगानीको क्षेत्रहरु, व्याज फिर्ता, व्याज मिनाहा, जमानी वा धितो र बीमा लगायतका विषयको प्रष्टताका लागि कार्यविधिमा व्यवस्था भए सोहि वमोजिम वा वैक तथा वित्तिय संस्थाको नियमानुसार हुनेछ ।

(१) उपदफा (१) को (क) मा जेसुकै उल्लेख भएपनि कोषको प्रयाप्तता एवं कर्जा लगानी गर्ने बैंक तथा वित्तिय संस्था संगको सहमतिका आधारमा नगरपालिकाले कर्जा रकमको सिमा तथा समय सिमा वढाउन सक्नेछ ।

## परिच्छेद-६

## योग्यता तथ शर्त सम्बन्धी व्यवस्था

१०. **कर्जाका लागि योग्यता तथा शर्त सम्बन्धी व्यवस्था** : (१) यस कार्यविधिको अनुसूची-३ वमोजिम ऋण लिन चाहने व्यवसायी देहाय वमोजिमको योग्यता पुगेको हुनुपर्नेछ :

(क) गरिव तथा विपन्न समूदाय अन्तर्गत लक्षित वर्ग समुदायका नागरिकलाई विशेष प्राथमिकता दिईनेछ ।

(ख) स्थायीलेखा नं. (PAN) प्रमाण-पत्र लिएको ।

(ग) कर्जा सूचना केन्द्रमा कालो सूचीमा नरहेको ।

(घ) लम्कीचुहा भित्र स्थायी वसोवास तथा नगरपालिकामा व्यवसाय सूचिकृत भएको ।

(ङ) संस्था वा कम्पनीको हकमा नेपाली नागरिकको शत प्रतिशत शेयर स्वामित्व रहेको ।

(च) कर्जा सूचना केन्द्रवाट साख सूचना अनिवार्य लिई उक्त साख सूचना सम्वन्धित वैंक तथा वित्तिय संस्थालाई मान्य हुनु पर्नेछ ।

(छ) उद्यम संचालन तथा कर्जा उपयोग सम्वन्धि कर्जाको लागि ऋणीले विस्तृत परियोजना प्रस्ताव पेश गर्नुपर्नेछ ।

(ज) १८ वर्ष पुरा भई ६० वर्ष ननाघेको ।

(झ) अन्य कागजातको हकमा वैंकले तोके अनुसार हुनेछ ।

(ञ) स्थायी वसोवास प्रमाणित भएको कागजात हुनु पर्नेछ ।

## परिच्छेद-७

## धितो, कर्जा, सुरक्षण तथा व्यवसायको बीमा सम्बन्धी व्यवस्था

११. **व्यवसायको बीमा सम्बन्धी व्यवस्था** : (१) वैंकले व्यवसायिक कृषि तथा पशुपन्छी कर्जा प्रवाह गर्दा परियोजनाको वीमा गर्नुपर्नेछ । नेपाल सरकरले उपलब्ध गराउने वाहेकको विमा शुल्क सम्वन्धित ऋणीले व्यहोर्नु पर्नेछ ।

(२) व्यवसायिक कृषि तथा पशुपन्छी वीमा सम्वन्धमा व्यवसायीले प्रचलित कानुन, नेपाल राष्ट्र वैंक, सहकारी विभाग र वीमा समितिको नियमन र निर्देशनको परिधिभित्र रही स्पष्ट नीति र प्रकृया वनाई लागु गर्न सक्नेछ ।



२०७८।०८।२८

Scanned with CamScanner

१२. **कारवाहीका लागि सिफारिस गर्न सक्ने** : (१) ऋणीले दफा (६) को (ग) बमोजिमको अविधभित्र कर्जा चुक्ता नगरेमा बैंकले यस कार्यविधिको परिच्छेद-१० मा उल्लेख भए बमोजिमको कारवाहीका लागि लम्कीचुहा नगरपालिकामा अनुरोध गर्न सक्नेछ ।

(२) कर्जा प्रवाह गर्ने बैंक तथा वित्तिय संस्थाले त्यस्ता सुविधा रोक्का गर्न अनुरोध गरेमा नगरपालिकाले त्यस्ता ऋणीको सुविधा रोक्का राख्नेछ ।

## परिच्छेद-८

## कर्जा प्रवाह तथा ब्याज अनुदानका लागि सम्बन्धित निकायको काम, कर्तव्य र अधिकार

१३. **बैंक तथा वित्तिय संस्थाको काम कर्तव्य र अधिकार** : (१) यस कार्यविधि कार्यान्वयनका लागि सम्बन्धित बैंक तथा वित्तिय संस्थाको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ ।

(क) कर्जाका लागि प्राप्त आवेदनहरु छानिवन गरी तोकिएको उद्देश्य, माग रकम, जोखिमस्तर सुरक्षण बीमा लगायत परियोजनाको सम्भाव्यता तथा कर्जाको सदुपयोग हुने देखिएमा कर्जाको काम कारवाही अगाडि वढाउने र सो को विवरण नगरपालिका समक्ष पेश गर्ने ।

(ख) कर्जा प्रवाह गर्न नसिकने भएमा स्पष्ट आधार र कारण सहित सम्वन्धित निवेदकलाई लिखित जानकारी दिने तथा नगरपालिकालाई जानकारी गराउने ।

(ग) व्यवसायीलाई कर्जा प्रवाह गर्न सकिने भएमा कर्जा स्वीकृत गरी जानकारी गराउने ।

(घ) कर्जा प्रवाह गरिएको व्यवसायी ऋणीले कर्जाको सही सदुपयोग गरे नगरेको समय समयमा अनुगमन गर्ने र सोको प्रतिवेदन नगरपालिकामा समेत पठाउने ।

(ङ) नगरपालिकासँग सम्झौता गर्ने ।

(च) नगरपालिकासँग आवश्यकसमन्वय गरी संयुक्त अनुगमन गर्ने र आइ परेका समस्या हरुको संयुक्तरुपमा समाधान गर्ने ।

(छ) यस कार्यविधिको अधिनमा रहि सहुलियत पूर्ण कर्जा सम्वन्धि कार्यविधि बनाई लागु गर्ने ।

(ज) छनौट भएका व्यवसायहरुलाई आवश्यकता अनुसारको तालिम तथा अभिमूखीकरणको व्यवस्था गर्ने । तालिम तथा अभिमूखीकरणमा लाग्ने खर्च नगरपालिका संगको सम्झौता बमोजिम हुनेछ ।

१४. **नगरपालिकाको काम, कर्तव्य र अधिकार** : (१) यो कार्यविधि कार्यान्वयन गर्नका लागि नगरपालिकाको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :-

(क) अवसर नपाएका उद्यमी तथा व्यवसायीहरुको पहिचान गर्ने, व्यवसायका लागि अभिप्रेरित गर्ने र ऋण अनुदानमा व्यवसाय संचालन गर्न चाहने व्यवसायीहरुलाई सहजीकरण गर्ने ।

(ख) बैक तथा वित्तिय संस्थाहरुसंग समन्वय गरी सहुलियत कर्जाका लागि छनौट भएका उद्यमीहरुको सूची प्रकाशन गर्ने ।

(ग) बैक तथा वित्तिय संस्थासँग कर्जा प्रवाहका लागि आवश्यक समन्वय गर्ने ।

(घ) नगरपालिकाले सम्वन्धित बैंक तथा वित्तिय संस्थासँग अनुसूची-६ वमोजिम सम्झौता गर्ने ।

(ङ) कार्यक्रम प्रभावकारी रुपमा कार्यान्वयन गर्न वैंक तथा वित्तिय संस्था र नगरपालिकाले समय समयमा अनुगमन गर्ने ।

(च) नगरपालिका संग कर्जा प्रवाह गर्ने सम्झौता गरी यस कार्यक्रममा आवद्ध भएका वैक तथा वित्तिय संस्थालाई कार्यविधि बमोजिम कार्य गराउन नियमन तथा अनुगमन गर्ने ।

(छ) यस कार्यविधि वमोजिमका लक्षित उद्यमीहरुवाट गुनासो तथा उजुरीहरु सुन्ने तथा सो को निराकरण गर्ने ।



२०७८।०५।२५

Scanned with CamScanner

## परिच्छेद-९
## कार्यक्रम कार्यान्वयन समिति

१५. **कार्यक्रम कार्यान्वयन समितिको गठन** : (१) यस कार्यविधिको कार्यान्वयन गर्नका लागि नगरपालिका स्तरमा देहाय बमोजिमको एक कार्यक्रम कार्यान्वयन समिति रहनेछ :-

(क) आर्थिक विकास समिति संयोजक ------- **संयोजक**

(ख) प्रमुख प्रशासकीय अधिकृत वा निजले तोकेको अधिकृत स्तरको कर्मचारी -- **सदस्य**

(ग) सम्झौता गर्ने बैंक तथा वित्तिय संस्थाको प्रमुख वा निजले तोकेको प्रतिनिधि एक जना---**सदस्य**

(घ) पशु सेवा शाखाको प्रमुख -----**सदस्य**

(ङ) कृषि शाखाको प्रमुख---------**सदस्य सचिव**

(२) नगर प्रमुखले वढीमा दुई जनासम्म समितिमा विज्ञ सदस्यको रुपमा मनोनित गर्न सक्नेछ ।

(३) समितिको सचिवालय नगरपालिकाको कृषि शाखामा रहनेछ । सचिवालयले समितिले तोके बमोजिमका कार्यहरु गर्नेछ ।

(४) समितिको बैठक बहुमत सदस्यको उपस्थितीमा आवश्यकता अनुसार बस्नेछ ।

१६. **कार्यक्रम कार्यान्वयन समितिको काम, कर्तव्य र अधिकार** : (१) कार्यक्रम कार्यान्वयन समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :-

(क) बैक तथा वित्तिय संस्था छनौटका लागि सूचना प्रकाशन गर्ने ।

(ख) छनौट भएका बैक तथा वित्तिय संस्था संग सम्झौता गर्ने ।

(ग) छनौट भएका उद्यमी तथा व्यवसायीलाई प्रदान गरिने तालिमको अनुगमन गर्ने ।

(घ) व्यवसायीहरुले कर्जाको सही सदुपयोग गरे नगरेको अनुगमन गर्ने ।

(ङ) ऋणीले ऋणको सदुपयोग नगरेमा तथा समयमानै ऋण नबुझाएमा त्यस्ता ऋणीहरुलाई कारवाही स्वरुप सेवा सुविधा रोक्का गर्न सम्वन्धित शाखालाई सिफारिस गर्ने ।

(च) कोषमा प्रयाप्त रकम भए नभएको सुनिश्चित गर्नुका साथै कोषबाट सम्पादित हुने कार्यक्रमहरुको सम्वन्धमा कार्यपालिकामा चौमासिक रुपमा प्रतिवेदन पेश गर्ने ।

(छ) कोष वृद्धिका लागि सम्वन्धित निकायमा आवश्यक समन्वय गर्ने ।

(ज) कार्यविधिको कार्यान्वयन गर्न सम्वन्धित निकायमा आवश्यक समन्वय गर्ने ।

(झ) कर्जा प्रवाह गर्ने बैंक तथा वित्तिय संस्थासँग समन्वय गर्ने ।

(ञ) सम्वन्धित सेवाग्राहीको गुनासो सुन्ने र समाधानका लागि सहजीकरण गर्ने ।

(ट) कार्यविधिमा भएका व्यवस्थाहरुमा संशोधन गर्नु परेमा संशोधन गर्नुपर्ने बुँदाहरु आवश्यकता सहित नगरपालिकामा सिफारिस गर्ने ।

(ठ) नगर कार्यपालिकाबाट प्राप्त निर्देशनहरु कार्यान्वयन गर्ने गराउने ।

(ड) तोकिए बमोजिमका अन्य कार्यहरु गर्ने ।

(२) वैठकमा उपस्थित हुने पदाधिकारीहरुलाई नगरपालिकाले नियमानुसार वैठक भत्ता उपलब्ध गराउनेछ ।



Scanned with CamScanner

## परिच्छेद-१०
## कार्यक्रमको सामाजिक परीक्षण

१७. **कार्यक्रमको सामाजिक परीक्षण सम्बन्धि व्यवस्था :** (१) वैक तथा वित्तिय संस्थाले कार्यक्रमको वार्षिक रुपमा सामाजिक परीक्षण गर्न सकिनेछ, यसरी सामाजिक परिक्षण गर्दा देहाय बमोजिम गरिनेछ :-

(क) प्रचलित नियमानुसारको लेखा परीक्षण ।

(ख) समग्र प्रतिवेदन प्रकाशित गर्ने ।

(ग) उपलब्धीको मापन तथा आवश्यक मार्गदर्शनका लागि बार्षिक प्रगति प्रतिवेदन नगरपालिका समक्ष पेश गर्ने ।

## परिच्छेद-११
## ऋण असुली

१८. **ऋण असुली सम्बन्धि व्यवस्था :** (१) ऋण असुली सम्वन्धी प्रकृया देहाय वमोजिम हुनेछ ।

(क) ऋण प्रवाहका लागि छनौट भएका व्यवसायी तथा उद्यमीहरुलाई एक देखि तीन वर्षसम्मको तालिका अनुसारको समयावधी हुनेछ ।

(ख) वैंक तथा वित्तिय संस्थावाट लिइएको ऋण ऋणीले सम्वन्धित वैंक तथा वित्तिय संस्थासँग गरेको सम्झौता वमोजिम हुनेछ ।

(ग) सम्वन्धित ऋणीलाई किस्ता बुझाउने, व्याज बुझाउने सम्वन्धी जानकारी सम्वन्धित वैंक तथा वित्तिय संस्थाले दिनु पर्नेछ ।

## परिच्छेद-१२
## कारवाही सम्बन्धी व्यवस्था

१९. **कर्जाचुक्ता नगरेमा हुने कारवाही :** (१) ऋणीले दफा (६) वमोजिम कर्जाचुक्ता नगरेमा सम्वन्धित वैंक तथा वित्तिय संस्थाले देहाय वमोजिमको कारवाही गर्न सक्नेछ :-

(क) ऋणीलाई कर्जा सूचना केन्द्रको कालो सूचीमा राखि नगरपालिकामा जानकारी गराउने ।

(ख) ऋणीलाई प्रदान गरिने विभिन्न किसिमका सामाजिक सुरक्षा लगायतका अन्य सेवा सुविधा रोक्कागर्न ।

(ग) ऋणीको राहदानी रोक्का राख्न ।

(घ) ऋणी तथा नीजको एकाघरका परिवारका सदस्यहरुको नाममा रहेको कुनै पनि चल अचल सम्पत्ती विक्री गर्न वन्देज लगाउन सम्वन्धित निकायमा लेखी पठाउने ।

(ङ) ऋणीको वैक तथा वित्तिय संस्थाहरुमा रहेको खाता रोक्का गर्न ।



Scanned with CamScanner

## परिच्छेद-१३
## विविध

२०. **कर्जा वर्गीकरण तथा जोखिम सम्बन्धी अन्य व्यवस्था** : (१) यस कार्यविधि बमोजिम ब्याज अनुदान प्राप्त गर्ने कर्जाहरुको वर्गीकरण सम्वन्धित बैंक तथा वित्तिय संस्थाको कर्जा नीति निर्देशिका बमोजिम हुनेछ ।

२१. **कर्जा लगानी सहजीकरण गरे वापत संचालन खर्च सम्बन्धी व्यवस्था** : (१) यस कार्यविधि बमोजिम बैंक तथा वित्तिय संस्थाले कर्जा लगानी सहजीकरण गरे वापत संचालन खर्च स्वरुप यस कार्यविधि अनुसार प्रवाह भएको कुल कर्जाको अधिकतम ०.५ (शुन्य दशमलव पाँच) प्रतिशतका दरले भन्दा बढी हुने छैन ।

२३. **सहयोग गर्नुपर्ने** : यस कार्यविधि बमोजिम संचालित कार्यक्रमहरुमा सहयोग गर्नु सम्वन्धित सबैको कर्तव्य हुनेछ ।

२४. **गुनासो सम्बन्धी व्यवस्था** : यस कार्यविधि कार्यान्वयनका सन्दर्भमा बैंक तथा वित्तिय संस्था लगायत अन्य निकायहरुले कर्जा प्रवाह नगरेको, ऋणीले सेवा सुविधा नपाएको तथा ऋणको सदुपयोग नभएको लगायतका यससँग सम्वन्धित गुनासो सुन्ने तथा सोको आधारमा काम कारवाही अगाडी बढाउने कार्य कार्यक्रम कार्यान्वयन समितिले गर्नेछ ।

२५. **प्रचलित कानुन बमोजिम हुने** : यस कार्यविधिमा उल्लेख भएका कुराहरुको हकमा यसै बमोजिम र अन्य कुराहरुको हकमा प्रचलित कानुन बमोजिम हुनेछ ।

२६. **फाराम तथा ढाँचा सम्बन्धी व्यवस्था** : यस कार्यविधि बमोजिम ब्याज अनुदान प्रदान गर्दा प्रयोग हुने अन्य सरलीकृत फाराम तथा ढाँचा अन्यथा नहुने गरी बैंक तथा वित्तिय संस्थाले तोके अनुसारको हुनेछ तर त्यस्ता ढाँचा तथा फारामहरुको एक प्रति नमूना नगरपालिकामा पेश गर्नुपर्नेछ ।

२७. **संशोधन तथा हेरफेर** : लम्कीचुहा नगर कार्यपालिकाको बैठकले आवश्यक ठानेमा यस कार्यविधिमा भएका व्यवस्थाहरुका संशोधन तथा हेरफेर गर्नसक्नेछ । तर, यसरी हेरफेर गर्दा कार्यक्रम कार्यान्वयन समिति तथा कर्जा प्रवाह गर्ने सम्बन्धित बैंक तथा वित्तिय संस्थाको राय लिनु पर्नेछ ।

२८. **बाधा अड्काउ फुकाउ** यस कार्यविधिमा उल्लेख भएका वाहेक अन्य विषयहरु प्रचलित कानुन वमोजिम हुनेछ साथै यस कार्यविधिको कार्यान्वयनमा केही बाधा व्यवधान आईपरेमा वाबिवाद उत्पन्न भएमा कुनै विषयलाई थप स्पष्ट वा प्रभावकारी बनाउनु पर्ने भएमा बैंक तथा वित्तिय संस्थाको राय सुझाव लिइ अन्तिम निर्णय गर्ने अधिकार नगरपालिकालाई हुनेछ ।



२०७८।०५।२५

Scanned with CamScanner

अनुसूची-१
(दफा ६ सँग सम्बन्धित)

## कार्यक्रममा आवद्ध भई कर्जा लगानी गर्न ईच्छुक बैक तथा वित्तिय संस्थाको प्रस्ताव पत्र

मितिः-२०७८।..।....

श्री लम्कीचुहा नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
भल्का, कैलाली ।

**बिषयः- सहुलियत कर्जा प्रवाहका लागि प्रस्ताव पेश सम्बन्धमा ।**

महोदय,

प्रस्तुत विषयमा त्यस कार्यालयवाट मिति......................मा प्रकाशित सार्वजनिक सूचना बमोजिम यस बैक/वित्तिय संस्था/सहकारी संस्थाको मिति ..........................को सञ्चालक समितिको निर्णय अनुसार अधिकतम ................. प्रतिशतमा सहुलियत कर्जा प्रवाह गर्न ईच्छुक भई देहाय बमोजिमको विवरण खुलाई यो प्रस्ताव पेश गरिन्छ ।

**१. संस्थागत जानकारी :**

(क) वैक/वित्तिय संस्था/सहकारीको नाम :
(ख) रजिष्टर्ड कार्यालय :
(ग) दर्ता नं.
(घ) ईजाजत नं.
(ङ) दर्ता गर्ने निकाय
(च) दर्ता मिति
(छ) सेवाग्राही/सदस्य संख्या
(ज) शाखा संख्या
(झ) सञ्चालक समिति पदाधिकारी संख्या
(ञ) कर्मचारी संख्या :
(ट) अध्यक्षको नाम
(ठ) कार्यकारी प्रमुखको नाम :

**२. वित्तिय जानकारी**

| विवरण | अघिल्लो आ.व.को | पछिल्लो आ.व.को |
|---|---|---|
| कुल कारोवार रकम (रु.) | | |
| पुँजीकोष रकम (रु.) | | |
| कुल ऋण लगानी (रु.) | | |
| कुल निक्षेप रकम (रु.) | | |
| खुद मुनाफा (रु.) | | |

**३. कर्जा प्रवाह गर्न चाहेको व्यवसायिक क्षेत्रहरु *(कम्तीमा ५ वटा)***

| | | | |
|---|---|---|---|
| | | | |
| | | | |

**४. कार्यक्रममा आवद्ध हुन चाहेको कारण :**

**५. कार्यक्रमबाट अपेक्षा गरेको परिणाम :**

| क्र.सं. | विवरण | अपेक्षित परिणाम |
|---|---|---|
| १. | ऋणी संख्या | |
| २. | ऋण लगानी गर्ने रकम | |
| ३. | रोजगारी सृजना | |
| ४. | संस्थागत आर्जन | |



२०७८।०५।२५

Scanned with CamScanner

६. अन्य अपेक्षित संस्थागत तथा सामाजिक उपलब्धीको वर्णन :--------------------------------------------------
------------------------------------------------------------------------------------------------
------------------------------------------------------------------------------------------------
------------------------------------------------------------------------------------------------

त्यस कार्यालयबाट छनौट भई सम्झौता गर्नु पर्ने भएमा देहायको प्रतिनिधीलाई आवश्यक अख्तियारी प्रदान गरिन्छ। धन्यवाद।

**अख्तियारी प्राप्त गर्ने**
नाम :
पद :
हस्ताक्षर :

**प्रस्ताव पेश गर्ने अधिकारी**
नाम :
पद :
हस्ताक्षर :
मिति :
छाप :

**संलग्न कागजातहरु**

क) संस्था दर्ता प्रमाण पत्रको प्रतिलिपी ।
ख) पछिल्लो आ.व.को लेखापरीक्षण प्रतिवेदन प्रतिलिपी ।
ग) करचुक्ता प्रमाणपत्रको प्रतिलीपी ।
घ) सञ्चालक समितिको निर्णय प्रतिलीपी ।
ङ) संस्थाको प्रवन्धपत्र/विनियमको प्रतिलीपी ।
च) संस्थाको ऋण सम्वन्धि नीति/कार्यविधि
छ) घरवहाल कर तिरेको प्रमाण ।



२०७८।०४।२८

Scanned with CamScanner

अनुसूची-२
(दफा ८ को उपदफा (१) को खण्ड (ख) सँग सम्बन्धित)

**निवेदनको ढाँचा**

मिति:-२०७....।

श्री...........................................................बैक/वित्तिय संस्था/सहकारी संस्था ।
लम्की, कैलाली

विषय:- सहुलियत कर्जाका लागि प्रस्ताव पेश सम्वन्धमा ।

महोदय,
प्रस्तुत विषयमा म/हामीले लम्कीचुहा नगरपालिका वडा नं........................स्थित.......................................टोलमा...............................व्यक्तिगत/समूहगत/संस्थागत उद्यम तथा व्यवसाय संचालन गरी स्वरोजगार वन्नका लागि लम्कीचुहा नगरपालिकाको सहुलियत कर्जाका लागि ब्याज अनुदान कार्यविधि तथा त्यस संस्थाको कार्यविधिका शर्तहरु पालना गर्न मन्जुर भइ तपिसलका विवरण सहित कागजात संलग्न राखी यो निवेदन पेश गरेको छु/छौ ।

**निवेदक**
नाम थर :-

स्थायी ठेगाना :-

सम्पर्क नं. :-

दस्तखत :-

संस्थाको हकमा छाप :-

**संलग्न कागजातहरु**
क) नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपी ।
ख) सम्वन्धित वडा कार्यालयको सिफारिसपत्र ।
ग) प्रस्तावपत्र ।
घ) संस्थादर्ताको प्रमाणपत्रको प्रतिलिपी ।
ङ) PAN प्रमाणपत्रको प्रतिलिपी ।
च) लम्कीचुहा न.पा.मा व्यवसाय दर्ता प्रमाण पत्रको प्रतिलिपी ।



२०७८।०५।२५

Scanned with CamScanner

# अनुसूची-३

## (दफा २ को (थ) सँग सम्बन्धित)

**व्यवसायीले ब्याज अनुदान प्राप्तगर्न सक्ने व्यवसायहरु**

१. मौसमी तथा वेमौसमी तरकारी उत्पादन, प्रशोधन, भण्डारण तथा बिक्री वितरण ।
२. विउ,विजन,विरुवा उत्पादन, प्रशोधन, भण्डारण तथा बिक्री वितरण ।
३. पुष्प व्यवसाय तथा ईन्टेरीयर डिजाईन, श्रृंगार व्यवसाय ।
४. पशुपन्छी पालन (गाई, भैसी, बाखा, कुखुरा, बंगुर, टर्कि, बटइ, हाँस) तथा सोको मासु एवं अण्डाको भण्डारण,प्रशोधन तथा बिक्री वितरण ।
५. दुना टपरी, झोला, मैनबत्ती, अगरबत्ती, पानमसाला, खाद्यान्न मसाला उत्पादन ।
६. फलफूल उत्पादन, प्रशोधन, भण्डारण र बिक्रीवितरण । चिज, पनिर दुग्धजन्य उत्पादनको संकलन, भण्डारण, प्याकेजींग तथा विक्री वितरण ।
७. दुग्ध उत्पादन, प्रशोधन र बिक्री वितरण ।
८. मत्स्य पालन, उत्पादन, भण्डारण तथा बिक्री वितरण ।
९. च्याउ उत्पादन, प्रशोधन, भण्डारण तथा बिक्री वितरण ।
१०. पशु वधशाला, मासुजन्य उत्पादन सोको भण्डारण, प्रशोधन तथा बिक्री वितरण ।
११. व्यवसायिक फलफुल उत्पादन, संकलन, प्रशोधन तथा विक्री वितरण ।
१२. अदुवा, बेसार, सूर्यमुखी, अल्लो, लोक्ता खेती उत्पादन, प्रशोधन, भण्डारण र विक्री वितरण ।
१३. मौरीपालन व्यवसाय , प्रशोधन, भण्डारण र बिक्री वितरण ।
१४. जौं, मकै, गहुँ, चैते धान तथा अन्य रैथाने वाली उत्पादन, प्रशोधन, भण्डारण र विक्री वितरण ।
१५. प्राङ्गारिक मल, जैविक मल र जैविक बिषादी आदी ।
१६. पशुपंछीको दाना उद्योग, चल्ला उत्पादन गर्ने ह्याचरी ।
१७. कुरिलो खेती उत्पादन, प्रशोधन र विक्री वितरण ।
१८. दलहन, तेलहन तथा कुटानी, पिसानी उद्योग ।
१९. अचार, चिप्स, जुस तथा अन्य साना फास्टफुड एवं बेभरेज/कन्फेक्सनरी उद्योग ।
२०. ठेला तथा खोकामा सन्चालन गर्न सकिने साना व्यवसाय (तरकारी, फलबुल, चिया-चमेना, किराना)
२१. होमस्टे तथा पर्यटन एवं मनोरन्जन सम्वन्धि सेवा व्यवसाय ।
२२. सैलुन, व्यूटीपार्लर, वेवी केयर, मोन्टेश्वरी लगायत शिशु स्यहार केन्द्र सम्वन्धि सेवा व्यवसाय ।
२३. सिपमुलक व्यवसाय : मोवाईल, मोटरसाईकल, साईकल, रिक्सा, अटोरिक्सा लगायत हलुका सवारी मर्मत केन्द्र ।
२४. परम्परागत व्यवसाय : आरन, वेतबाँस सामाग्री, ढकिया उत्पादन, माटा तथा धातुका सामग्री उत्पादन, गरगहना मर्मत, होजियरी, टेलरिंग, गुडीया (खेलौना), परम्परागत बाजाहरुको निर्माण तथा मर्मत आदी ।
२५. जडीबुटीजन्य : हर्बल साबुन, सेम्पु, मेहन्दी लगायत अन्य जडीबुडीमा आधारित हर्बल सामाग्रीको उत्पादन एवं विक्री वितरण ।
२६. अन्य : कम्प्यूटर प्रशक्षिण केन्द्र, नृत्य प्रशिक्षण केन्द्र, जिम क्लब, बिज्ञापन ऐजेन्सी, डेस्कटप, फोटोकपी, लेमीनेसन एवं सन्चार सम्वन्धि अन्य सेवाहरु ।
२७. प्रविधिमा आधारित ई-कर्मस सेवा (मोबाईल ऐप निर्माण, वेवसाईट निर्माण, अनलाईन सपिंग, अनलाईन भुक्तानी सेवा आदी)
२८. भवन निर्माण सम्वन्धि सिप भएको डकर्मीका लागि आवश्यक निर्माण सामाग्री खरिद तथा सो सामाग्रीहरुको लिज सम्वन्धि व्यवसाय ।
२९. कार्यक्रम कार्यान्वयन समितिले तोक्न सक्ने अन्य वाली, वस्तु तथा सेवाहरु सम्वन्धि उद्यम ।



Scanned with CamScanner

Scanning ✓

## अनुसूची-४

### (दफा ८ को उपदफा (१) को खण्ड (ग) सँग सम्बन्धित)

### उद्यम तथा व्यवसायको प्रस्ताव ढाँचा

लम्कीचुहा नगरपालिका नगर कार्यपालिकाको कार्यालय भजनी, कैलाली सुदूरपश्चिम प्रदेश, नेपाल

**१.उद्यम/व्यवसाय को नाम :-**

ठेगाना : ..............................न.पा/वडा नं. ............टोल............

दर्ता नं. : ..........................................................

दर्ता भएको निकाय : ............................................

**२.पृष्ठभूमि :-**

**३. उद्देश्य :-**

**४. उद्यम सम्बन्धी पूर्व अनुभवको विवरण :-**

**५. तालिम सम्बन्धी विवरण :-**

**६ उद्यम/व्यवसाय सम्बन्धी विवरण :-**

(क) स्थापना मिति :-

(ख) उद्यम/व्यवसायको प्रकृति :-

(ग) उत्पादन हुने वस्तुहरुको विवरण

(घ) प्रशोधन सम्वन्धी व्यवस्था :-

(ङ) भण्डारण सम्वन्धी व्यवस्था :-

(च) सेवा मुलक :-

(छ) व्यापारजन्य :-

(ज) वजारको पहूँच र क्षेत्र :-

(झ) कच्चा पदार्थ सम्वन्धी व्यवस्था :-

(ञ) श्रमिक सम्वन्धी व्यवस्था :-

**७. लागत :-**

(क) स्थिर पुँजी

(ख) चालु पुँजी

(ग) कुल पुँजी

**८. पुँजीको स्रोत :-**

(क) व्यक्तिगत लगानी रु.

(ख) ऋण सुविधा रु.

**९. बार्षिक उत्पादन लागत :-**

| क्र.सं. | वस्तुको विवरण | इकाइ | अनुमानित मूल्य | कैफियत |
|---|---|---|---|---|
| | | | | |
| | | | | |
| जम्मा | | | | |

**१०.बार्षिक आम्दानी :-**

| क्र.सं. | वस्तुको विवरण | इकाइ | दर | जम्मा रकम | कैफियत |
|---|---|---|---|---|---|
| | | | | | |
| | | | | | |
| जम्मा | | | | | |



Scanning ✓
2078/05/25

Scanned with CamScanner

११.चालु खर्चको विवरण :-

(क) कच्चा पदार्थ

| क्र.सं. | वस्तुको विवरण | इकाइ | दर | जम्मा रकम | कैफियत |
|---|---|---|---|---|---|
| | | | | | |
| | | | | | |
| जम्मा | | | | | |

(ख) ज्याला

| क्र.सं. | ज्यालाको विवरण | इकाइ | दर | जम्मा रकम | कैफियत |
|---|---|---|---|---|---|
| | | | | | |
| | | | | | |
| जम्मा | | | | | |

(क) विद्युत खर्च रु. ....................

(ख) पानी रु. ....................

(ग) इन्धन रु. ....................

(घ) अन्य रु.. ....................

(ङ) वार्षिक चालु खर्च रु. ....................

**१२. कूल मुनाफा (बार्षिक बिक्रि-बार्षिक चालु खर्च) रु.** ....................

**१३. स्थिर खर्च :-**

(क) तलव रु. ....................

(ख) घरभाडा रु. ....................

(ग) ब्याज रु. ....................

(घ) ह्रासकट्टी रु. ....................

(ङ) विवध रु. ....................

**जम्मा स्थिर खर्च. रु.** ....................

**१४. खुद मुनाफा (कूल मुनाफा-जम्मा स्थिर खर्च) रु.** ....................

**१५. जम्मा बार्षिक उत्पादन खर्च (कूल चालु खर्च + कूलस्थिर खर्च) रु.** ....................

**कार्यालय प्रयोजन**

(क) जम्मा वार्षिक उत्पादन खर्च/विक्री:-........................%

(ख) मुनाफा/विक्री..........................................%

(ग) पी.भी. अनुपात (कुल मुनाफा/विक्री)..................................%

(घ) वेक इभन विन्दु मूल्यमा रु...............................................

(ङ) वेक इभन विन्दु प्रतिशतमा ......................................%

(च) मूल्य अभिवृद्धि :- जम्मा विक्री-जम्मा चालु खर्च रु...................................

(छ) जम्मा विक्री रु. ...............................................

**मुल्याँकनकर्ता कर्मचारीको भनाई :**



२०७८।०५।१५

अनुसूची-५
(दफा ८ को उपदफा (१) को खण्ड (ङ) सँग सम्बन्धित)

## जमानी बस्ने लिखतको नमूना

लिखतम म/हामी तपिसलका व्यक्तिहरु आगे ................................ को नाती/नातिनी........................................को छोरा/छोरी................................................को पत्नी/बुहारी.......................................जिल्ला...................गा.पा./न.पा............................... .वडा नं...........टोल...........घर भै हाल.......... ......................जिल्ला.........................गा.पा./न.पा.वडा नं...... बस्ने बर्ष............को श्री.................................ले लम्कीचुहा नगरपालिकाद्वारा संचालित सहुलियत दरमा ऋण अनुदान कार्यक्रमबाट ऋण लिनका लागी म/हामी तपिसलका व्यक्तिहरुलाई जमानी बसी दिन अनुरोध गर्नु भएकोमा नीज/नीजहरुको कुरा म/हामीलाई चित्त बुझ्यो ।नीज/नीजहरुलाई म/हामी राम्रोसँग चिन्दछु/चिन्दछौ । साथै म/हामीले यस नगरपलिकाबाट ऋण अनुदान कार्यक्रम अन्तरगत लिएको ऋन रकमको लागि नीजको जमानी भई बस्ने तयार छु/छौ । नीज ऋणीले यस संस्थाबाट लिएको ऋण रकम तोकिएको अविधमा नितरेमा वा नबुझाएमा सो को दायित्व वहन गर्न तयार छु/छौ । नीज ऋणीले तोकिएको अविधमा नतिरे नबुझाएमा मेरो/हाम्रो खाताबाट वा घर घरनाबाट असुल उपर गरी लिएमा मन्जुर छु/छौ भनी दायाँ बायाँ किनारका साक्षीहरुको रोहवरमा आवश्यक एक प्रति पासपोर्ट साईज फोटो र नागरिकताको प्रतिलीपी बुझाई लम्कीचुहा नगरपालिका वडा नं.........स्थित ........................कार्यालयमा वसीयो जमानी भएको कागज लेखी सहीछाप गरी यस........................................संस्थामा दिएँ/दियौं ।

### तपिसल

..................................को नाती/नातिनी.........................को छोरा/छोरी...................को पत्नी/बुहारी जिल्ला.......................... गा.पा./न.पा...........................वडा नं...........टोल ...............घर भई हाल...........जिल्ला.................... गा.पा./न.पा...........................वडा नं...........टोल...............वस्ने वर्ष...............को श्री.....................................................१

दा. बा.

फोटो :

...................................को नाती/नातिनी...............................को छोरा/छोरी..................को पत्नी/बुहारी जिल्ला.......................... गा.पा./न.पा...........................वडा नं...........टोल ...............घर भई हाल...........जिल्ला ..................... गा.पा./न.पा...........................वडा नं...........टोल...............वस्ने वर्ष...............को श्री .....................................................१

दा. बा.

फोटो :

इति सम्वत........................साल.............महिना.................. गते ............रोज .........शुभम्



Scanned with CamScanner

अनुसूची-६

(दफा १५ को खण्ड (घ) सँग सम्बन्धित)

## नगरपालिका र सम्बन्धित बैंक, वित्तिय संस्था तथा सहकारीबीचको सम्झौता ढाँचा

**लम्कीचुहा नगरपालिका र ..........................बैंक/वित्तिय संस्था/सहकारी संस्था बीचको सम्झौता-पत्र**

लम्कीचुहा नगरपालिका, सुदुरपश्चिम प्रदेश भल्का, कैलाली (जसलाई यस सम्झौतामा प्रथम पक्ष भनिएको छ) प्रचलित ऐन कानुन अन्तरगत संचालित ..........................जिल्ला .......................................................... गा.पा./म.न./उपम.न.पा./न.पा.वडानं.........स्थित श्री...................................................लि.(जसलाई यस सम्झौता पछि द्वितीय पक्ष भनिएको छ) दुवै पक्ष विच लम्कीचुहा नगरपालिका भल्का कैलालीमा वसी तपिसलको रोहवरमा दुवै पक्षवाट हस्ताक्षर गरियो सम्झौता गरी एक, एकप्रति वुझिलियौं/दियौ ।

**प्रथम पक्षको दायित्व :**

१) बैंक, वित्तिय संस्था तथा सहकारीवाट प्राप्त छनौट भएका उद्यमी व्यवसायीहरुको ऋण रकम अनुसार एक वर्षको हुन आउने अनुदान व्याज रकम, व्यवसायीको सम्झौता विवरण प्राप्त भएको मितिले १५ दिन भित्र उपलव्ध गराउनु पर्नेछ ।

२) तोकिएको समयमा साँवा व्याज नवुझाइ म्याद गुजार्ने ऋणीलाई नगरपालिकावाट प्रदान गरिने सवै सुविधा रोक्न वित्तिय सस्थावाट अनुरोध भएमा नगरपालिकावाट त्यस्ता सुविधा रोक्का गरी ऋणी असुल गर्न सहयोग गर्नुपर्ने छ ।

३) ऋणीले समयमा नै साँवा व्याज नवुझाएमा वा हद म्याद गुजारी ऋणीले तिर्ने मनसाय नदेखाएमा नगरपालिकाले निजका एकाघरका परिवारहरुको समेत सेवा सुविधाहरुमा रोक्का राख्नसक्नेछ ।

४) नगरपालिकाले बैंक तथा वित्तिय संस्थालाई कर्जा लगानी प्रकृयामा आवश्यक सहयोग गर्नेछ ।

५) ऋणीले कर्जाको सही सदुपयोग गरे नगरेको, उद्देश्य अनुरुप कार्य भए नभएको निरीक्षण एवम् अनुगमन गर्ने कार्यमा नगरपालिकाले बैंक तथा वित्तिय संस्थालाई आवश्यक सहयोग गर्नेछ ।

(६) बैंक, वित्तिय संस्था तथा सहकारीहरुले व्यवसायीहरु छनौट गरी सम्झौता गरे पश्चात जम्मा कर्जाको ५ प्रतिशत व्याज अनुदान उपलब्ध गराउनु पर्नेछ ।

**दोस्रो पक्षको दायित्व :**

१) कर्जा लिने उद्यमी तथा व्यवसायीहरुलाई व्यवसायका लागि सीपमलुक तथा दक्षता अभिवृद्धि कार्य द्वितिय पक्षले गर्ने छ । द्वितिय पक्षले यस कार्यका लागि आवश्यकता अनुसार तेस्रो तटस्थ पक्षको सहयोग लिन सकिनेछ । प्रथम पक्ष (नगरपालिका) ले ५० प्रतिशत र दोस्रो पक्ष (बैंक, वित्तिय संस्था तथा सहकारी) ले ५० प्रतिशत लगानी गरी व्यवसायीकहरुलाई सीपमुलक तालिम तथा दक्षता अभिवृद्धी सम्वन्धी तालिम संचालन गर्नु पर्नेछ ।

२) ...............महिना भन्दा वढी अवधि सम्म साँवा व्याज नवुझाउने ऋणीलाई वित्तिय संस्थाले कर्जा सूचना केन्द्रको कालो सूचीमा राख्नु पर्नेछ ।

३. कर्जाको व्याज दर ..........................कायम हुनेछ ।........................संस्था लि. को आधार दर वा पुंजी लागत (Cost of Fund) मा परिवर्तन भएमा व्याजदर पनि सोही अनुसार परिवर्तन हुनेछ । सो को जानकारी ..........................संस्थाले नगरपालिकालाई दिनेछ ।

४. यस कार्यक्रम अनुसार लगानी हुने कर्जामा बैंक तथा वित्तिय संस्थाले ऋणीबाट व्याजका अतिरिक्त कर्जा सूचना शुल्क, सेवा शुल्क र बीमा प्रिमियम बाहेक अन्य कुनै प्रकारको शुल्क लिने छैन ।



२०७८।५।२८

Scanned with CamScanner

५. लम्कीचुहा नगरपालिकाको सहुलियत कर्जाका लागि ब्याज अनुदान कार्यक्रम कार्यविधि २०७८ र प्रचलित ऐन कानुन बमोजिम लम्कीचुहा नगरपालिका र ........................................बैंक, वित्तिय संस्था तथा सहकारी बीचको सम्झौता अनुसार कर्जा लगानी गर्नेछ र नगरपालिकाले सोही बमोजिम सहजीकरण गर्नेछ ।

६. बैंक तथा वित्तिय संस्थाले आफ्नो कर्जा कार्यविधि र समय समयमा नियमनकारी निकायबाट जारी हुने परिपत्र एवं आदेश बमोजिम कर्जा लगानी गर्नेछ ।

७. कर्जा स्वीकृतीको अन्तिम अधिकार बैंक तथा वित्तिय संस्थालाई रहनेछ । बैंक तथा वित्तिय संस्थाले परियोजना तथा यसको संभाव्यतालाई मुख्य आधारको रुपमा लिई कर्जा स्वीकृत गर्नेछ ।

८. नगरपालिकाले बैंक तथा वित्तिय संस्थामा कर्जाका लागि गर्दा छनौट गरेका व्यवसायीहरुलाई कर्जा स्वीकृत गर्नेछ र स्वीकृत भएका उद्यमी तथा व्यवसायीहरुलाई सम्पूर्ण कागजी प्रकृया पुरा भएपछी कर्जा प्रवाह गर्नेछ ।

९. नगरपालिकाको सिफारिस भै आएका कर्जाहरुलाई विशेष प्राथमिकता दिई प्रथम आगमन प्रथम निकासा (FIFO) अनुरुप बैंक तथा वित्तिय संस्थाले कर्जा प्रकृया अगाडि बढाउनु पर्नेछ ।

१०. नगरपालिकाबाट सिफारिस भई सेवाग्राही (कर्जा) हरुलाई बैंक तथा वित्तिय संस्थाले आवश्यकता अनुसार छुट्टै युनिट तथा कर्मचारीको व्यवस्था गरी सेवा प्रदान गर्नु पर्नेछ ।

१२. बैंक, वित्तिय संस्था तथा सहकारीले कर्जा प्रवाह गर्दा वेस दररेटमा ३ प्रतिशत नबढ्ने गरी ब्याजदर कायम गराउनु पर्नेछ ।

१३. यस सम्झौतामा उल्लेख नभएका विषयमा प्रचलित कानुन बमोजिम हुनेछ ।

१४. यो सम्झौतामा उल्लेख गरिएका बुँदाहरु आकर्षित हुने र खारेज हुने गरी नेपाल सरकारले कुनै निर्णय गरेमा सोही बमोजिम हुनेछ ।

१५. सम्झौतामा थपघट गर्नु परेमा दुवै पक्षको आपसी सहमतिमा गरिनेछ ।

**प्रथम पक्षका तर्फबाट**

लम्कीचुहा नगरपालिका, भल्का कैलाली

अख्तियार प्राप्त व्यक्ति :.....................

पद :

हस्ताक्षर :

छाप :

**द्वितिय पक्षका तर्फबाट**

......बैंक/वित्तिय/सहकारी संस्था लि. कार्यालय

अख्तियार प्राप्त व्यक्ति :..............

पद :

हस्ताक्षर :

छाप :

**रोहवर**

नाम : ................................

पद :

हस्ताक्षर :

नाम : ......................

पद :

हस्ताक्षर :

ईति संवत्.........................साल.............महिना...........गते .......रोज शुभम् ।

**प्रमाणित गर्नेको सहि :**
नाम : महादेव बजगाई
पद : नगर प्रमुख
मिति : २०७८।०४।२९
छाप :



२०७८।०४।२९

Scanned with CamScanner